म.नि. प्र. का. द.नं. : १७६/०६८, वर्ष ११, अंक २२४ बुधवार ९ चैत २०७८ पञ्चमी/षष्ठी ने. सं. ११४२ चिल्लागा 23 March, 2022 www.sajhakuranews.com पृष्ठ संख्या ४ मूल्यः रु. ३/-

मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

# साझाकुरा

राष्ट्रिय दैनिक

www.sajhakuranews.com

प्रो: हिरालाल श्रेष्ठ ९८६५०९२५८८, ९८६५८८३५३३, ०५७-५२५८६३

**विशेष छुट ! विशेष छुट !! विशेष छुट !!!**

विशेषज्ञ डाक्टरहरुद्वारा नि:शुल्क चेकअप गर्नुहोला ।

**हाम्रो सेवाहरू:**
- डाक्टर सेवा: नि:शुल्क
- ल्याब टेष्टमा १५% छुट
- औषधीमा १०% छुट

यही मिति २०७८ चैत २३ गते संचालन हुँदैछ ।

त्यसैले आजनै सम्पर्क गरौ ।

**देउराली फर्मा**

# बालविवाहमुक्त प्रदेश बनाउन बागमती प्रदेश सरकार असफल

साझाकुरा संवाददाता

हेटौंडा, ८ चैत/ २०७८ भित्र बालविवाह मुक्त प्रदेश बनाउने बागमती प्रदेश सरकारको लक्ष्य असफल भएको छ ।

पूर्वमुख्यमन्त्री डोरमणि पौडेल नेतृत्वको प्रदेश सरकारले बागमती प्रदेशलाई २०७८ साल भित्र बालविवाहमुक्त प्रदेश बनाउने योजना अघि सारेको थियो । तर, बालविवाहमुक्त प्रदेश बनाउने घोषणा गरेको प्रदेश सरकार आफैं सक्रिय नहुँदा सरकारको लक्ष्य असफल भएको हो । २०७६ सालमा नै सरकारले २०७८ भित्रमा प्रदेशलाई बालविवाहमुक्त बनाउने भने पनि पूरा हुन सकेको छैन । बालविवाह मुक्त घोषणा गर्न नसकेन भएपछि सामाजिक विकास मन्त्रालयले म्याद सकिएका स्वयंसेवकहरु पनि हटाएको छ । स्वयंसेवकहरुबाट सफलता हात नभिलेपछि उनीहरुको म्याद नथपिएको सामाजिक विकास मन्त्रालयले जनाएको छ । बागमतीमा बालविवाह मुक्त गर्न प्रदेशका एकसय १९ वटै स्थानीय तहहरुमा बालमैत्री पालिका घोषणा हुन जरुरी छ । तर, हालसम्म प्रदेशमा ४ वटामात्रै स्थानीय निकायहरु बालमैत्री पालिका घोषणा भएका छन् ।

हाल प्रदेशको धादिङमा सबैभन्दा बढी ६२ दशमलव ९ प्रतिशत, नुवाकोटमा ६२ दशमलव ५ प्रतिशत, सिन्धुलीमा ६२ दशमलव ५ प्रतिशत, सिन्धुपाल्चोकमा ६० दशमलव ९२ प्रतिशत, मकवानपुरमा ५९ दशमलव ७ प्रतिशत र काठमाडौंमा सबैभन्दा कम ३९ दशमलव ११ प्रतिशत बालविवाह भएको सामाजिक विकास मन्त्रालय महिला तथा बालबालिका शाखाकी चन्द्र कुमारी व्यञ्जनकारले जानकारी दिइन् । व्यञ्जनकारका अनुसार बालविवाहमुक्त गर्न निकै जटिल छ । 'बालविवाहमा न्यूनीकरण भएको छ तर, मुक्त नै भने २०७८ मा घोषणा गर्न सकिने अवस्था छैन', उनले भनिन् । उनले प्रदेशमा विभिन्न खालका अन्तर्क्रियाहरुले परिवारले गर्ने विवाह न्यूनीकरण भएपनि प्रेम विवाह नरोकिएको बताइन् । 'केटा केटी मन मिलेपछि केटी केटाको घरमा गएर बस्ने अनि विवाह भएको थाहा नहुने, थाहा पाइसकेपछि परिवारले समाजको डरले छुटाउन नमान्ने हुन्छ । यस्तै समस्याले गर्दा मुक्त प्रदेश बनाउन निकै जटिल देखिन्छ', उनले भनिन् । उनले स्थानीय तहका प्रमुख, उपप्रमुख र जिल्ला समन्वय समितिका प्रमुख उपप्रमुखहरुसँग अन्तर्क्रिया गरेर कार्यक्रम अगाडि बढाउने जानकारी दिइन् । संघीय सरकारले सन् २०३० सम्ममा मुलुकबाट बालविवाह अन्त्य गर्ने घोषणा गरेको छ । तर, बागमती प्रदेश सरकारले आफ्नो प्रदेशबाट २०७८ सालसम्म बालविवाह अन्त्य गर्ने नीति तथा कार्यक्रम पारित गरेको थियो । बालविवाहको प्रवृत्ति अहिले बढ्लिएको छ । अहिले मोबाइलका कारणले बालबालिकाहरु भागी विवाह गर्न थालेका छन् । बालविवाहका कारण महिला र उनबाट जन्मने बच्चाहरु थप जोखिममा पर्ने गरेका छन् । अधिकांश बालविवाहहरु सम्बन्धविच्छेदमा परिणत हुने गरेको तथ्याङ्कले देखाएको छ । बालविवाहले बालिकाहरुको आधारभूत मानवअधिकार र उनीहरुको स्वतन्त्रतामा बन्देज लगाउने गरेको सिविन हेल्पलाइनका प्रमुख झेविन्द्र ज्ञवालीले बताए ।

वि.सं. १९१० को मुलुकी ऐनमा विवाहका लागि कन्याको न्यूनतम उमेर पाँच वर्ष तोकिएको थियो । समयको परिवर्तनसँगै विसं २०२० को मुलुकी ऐनले अभिभावकको अनुमतिमा महिलाको १८ र पुरुषको २० वर्ष कायम गरिएकोमा केही नेपाल कानुन संशोधन तथा खारेज गर्ने ऐन २०७२ ले २० वर्ष नपुगी विवाह गर्न रोक लगाएको छ । यसैगरी, मुलुकी देवानी संहिता ऐन २०७४ ले २० वर्ष नपुगी गरिएको विवाहलाई बालविवाहको रुपमा परिभाषित गरेको छ भने यस्ता विवाह स्वत: खारेज हुने व्यवस्था गरेको छ ।

## हेटौंडामा श्रीमतीको कुटाईबाट श्रीमान्को मृत्यु

हेटौंडा, ८ चैत/ मादक पदार्थ सेवन गरेपछि उत्पन्न विवादले कुटिपटको रूप लिँदा हेटौंडामा एक व्यक्तिको ज्यान गएको छ ।

श्रीमतीको कुटाईबाट हेटौंडा उपमहानगरपालिका-३ जम्बोका ४३ वर्षीय मित्रलाल सुनारको मृत्यु भएको हो । जिल्ला प्रहरी कार्यालय मकवानपुरका अनुसार मंगलबार साँझ मादक पदार्थ सेवन गरेका सुनार दम्पतीबीच सामान्य विवाद हुँदा श्रीमती ४१ वर्षीया अनिता विक कुटपिटमा उत्रिएकी थिइन् ।

विकले घाँटीमा थिचेर कुटपिट गर्दा सुनार गम्भीर घाइते भएका थिए । जिल्ला प्रहरी कार्यालय मकवानपुरका प्रवक्ता प्रहरी नायब उपरीक्षक जयश्वर रिमालका अनुसार सुनारको उपचारका क्रममा हेटौंडा अस्पतालमा मृत्यु भएको हो ।

घरायसी विवादका क्रममा कुटिपट भएको उपरीक्षक रिमालले जानकारी दिए । आरोपित विकलाई मकवानपुर प्रहरीले नियन्त्रणमा लिएर अनुसन्धान अगाडि बढाएको रिमालले बताए ।

**सम्पूर्ण ब्राण्डका गाडी**

**एकै ठाउँमा सम्पूर्ण सेवासहित**

**सेवाहरू:**

- कार वास भित्र/बाहिर
- वाइरिङ मर्मत
- A/C मर्मत तथा ग्याँस रिफिलिङ
- सेन्सरसम्बन्धी समस्या कम्प्युटरबाट जाँचिने
- डेन्ट, पेन्ट, प्लाष्टिक/ग्याँस/इलेक्ट्रिक बेल्डिङ
- टायर ब्यालेन्स, पन्चर र फेर्ने काम मेशिनबाट
- इन्जिनसम्बन्धी सबै काम

**Himalayan Motors Pvt.Ltd.**

हेटौंडा, चौकीटोल, सम्पर्क नं.: ०५७-५९०३३३

हेटौंडालाई Green City बनाउने उद्देश्यसहित

सुन्दर नगरी हेटौंडामा बिक्री

**शुभारम्भ**

**Offer**
रू.१०,००० ।-
नगद छुट

**YADEA e-SCOOTER का विशेषताहरु:**
- Full Charge गर्न ४-५ घण्टा लाग्ने ।
- Full Charge ले १०० किमी कुद्ने ।
- २००० वाट क्षमता भएकोले एकपटक Full Charge गर्दा ७.५ युनिट विद्युत् खपत ।
- ट्यूबलेस टायर
- ब्याट्रिमा एक वर्ष वारेन्टी

**बर्षा ई-अटोमोबाइल्स**

हेटौंडा-२, चौकीटोल (भाटभटेनी नजिकै)

प्रो. सबी भण्डारी ९८५५०६७४६०

**घडेरी बिक्रीमा**

**जिल्ला : मकवानपुर**

**हेटौंडा उपमहा नगरपालिका**

**पडा नं. १**



सम्पर्क नं.: ९८४५१०३६६३

९८११८९५४६२, ९८५५०७३६६९ हेटौडा-५

साझाकुरा

## हाम्रो कुरा

# मानव बेचबिखन रोकौं

चेतनाको कमी, गरिबी र बेरोजगारीका कारण मानव बेचबिखन र ओसारपसार आज बढ्दो क्रममा छ । नेपालका सन्दर्भमा भन्नुपर्दा कानुन कार्यान्वयनमा फितलोपना, भ्रष्टाचार, खुला सीमा आदि कारणले मानिव बेचबिखन र ओसारपसार फस्टाउँदै गएको छ । वैदेशिक रोजगारीप्रतिको मोह, राजनीतिक अस्थीरता र अवसरको खोजीमा सहर पस्ने प्रवृत्तिका कारण पनि मानव बेचबिखन र ओसारपसारको तस्करी बढ्ने कारणहरु हुन् । पैसामुखी प्रवृत्ति र नैतिकताको दासले गर्दा नै मान्छेले मान्छेलाई बेच्ने दुस्साहस गर्छ । आजको मानिस नैतिकतालाई समेत ख्याल नगरी पैसा कमाउनेतर्फ बढी आकर्षित भएको छ । त्यसेले मानवलाई नै बेचबिखनको वस्तुका रुपमा लिन थालेको छ । आज विवेकशिल मानिएको मानव प्राणी पशुसरह बिक्री वितरण भइरहेको छ ।

मानव बेचबिखन र ओसारपसार जस्ता अपराधलाई नियन्त्रण गर्न सर्वप्रथम कानुनी प्रावधान बलियो बनाउनुपर्छ र भएको कानुनको उचित कार्यान्वयन हुनुपर्छ । वर्तमान कानुनमा रहेको कमजोरी सुधार गर्नुपर्छ । आवश्यक परे नयाँ कानुन पनि बनाउनुपर्छ । यस्तो अपराधको सुइँको पाएर सूचना दिने हरेक नागरिकलाई सम्मान गर्न पछि पर्नु हुँदैन । मानव बेचबिखानबाट पीडित मानिसहरूलाई उपयुक्त क्षतिपूर्ति दिलाउने काम सुरु गर्नुपर्छ । पीडितहरुलाई पुनर्स्थापनाका लागि आवश्यक योजनाहरु ल्याउनुपर्छ । रोजगारीको अवसर दिलाउनुपर्छ । पारिवारिक पुनर्मिलन गराउने र समाजमा समायोजन गराउने जस्ता कार्यमा जोड दिनुपर्छ । हरेक सचेत मानिसले मानव बेचबिखन जस्तो अमानवीय दुष्कार्यविरुद्ध लाग्नुपर्छ ।

मानव बेचबिखनसम्बन्धी अपराध गर्ने मानिसहरुलाई निरुत्साहित गर्ने कडा कानुनको व्यवस्थाको साथै त्यस्तो कामको सुइँको दिने व्यक्तिलाई प्रोत्साहित भत्ताको व्यवस्था र गाउँगाउँमा संचेतना अभियान सञ्चालन गर्न उच्चस्तरको संयन्त्र निर्माणको व्यवस्था गर्नुपर्छ । मानवले मानवकै बेचबिखन र ओसरपसार गर्नु जघन्य अपराध हो । यस्तो गतिविधि गर्न मतियारको काम गर्ने वा अलिकति पनि यस्तो काम गर्न प्रोत्साहित गर्ने सम्मका मानिसलाई उसको कसुर हेरी सजाय दिने व्यवस्था गर्नुपर्छ । मानव बेचबिखन र ओसारपसार गर्ने काम ज्यादै तल्लो स्तरको काम भएकोले त्यसलाई रोक्न सबै पक्ष सक्रिय भएर लाग्नुपर्छ ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरू

### मकवानपुर प्रहरी

| | |
|---|---|
| प्रहरी कन्ट्रोल: | १०० |
| जिल्ला ट्राफिक: | ५२०५९९ |
| वडा प्रहरी: | ५२०२९९ |
| पशुपतिनगर इलाका: | ५२०५९८ |
| पालुङ इलाका: | ६२०४६७ |
| मनहरी इलाका: | ९८५५०९०१६१ |
| इलाका फापरबारी: | ६२१९८० |
| इलाका भीमफेदी: | ६९१४६२ |
| इलाका ठिंगन: | ९८४५२९९३८१ |
| चौकीटोल चौकी | ९७४२५५९५०१ |
| चित्लाङ चौकी: | ६९२००० |
| चौघडा चौकी | ९८४४०५४६०४ |
| नेवारपानी चौकी: | ९७५५०००२९९ |
| फाखेल चौकी: | ९८४५०३१३९८ |
| पदमपोखरी चौकी: | ९८४५०९९७८९ |

### एम्बुलेन्स सेवा

| | |
|---|---|
| नेपाल रेडक्रस: | ५२०७११, ९८५५०२८९५२ |
| हेटौंडा अस्पताल: | ५२०३०५ |
| परिवार नियोजन संघ: | ५२०७४५,९८४१०४५०० |
| मनहरी रेडक्रस: | ९८४५१०५८२१ |
| छतिवन रेडक्रस: | ९८६१६२२३११ |
| भीमफेदी रेडक्रस: | ६२०६९९ |
| पालुङ रेडक्रस: | ९८१४२०७४०१ |
| बज्रबाराही रेडक्रस: | ९८४५३०२९८४ |
| सहकारी अस्पताल: | ०४७-५२५८७, ९८४५१९१९४ |
| बसामाडी एम्बुलेन्स: | ९८४५२९७४७९ |
| बाहुण यन्त्र: | १०१ |
| बाल हेल्पलाइन नेपाल: | १०९८ |
| माइती नेपाल: | ५२१०५० |
| अपाङ्ग बाल अस्पताल | ९८४५२९६४४५ |

सार्वजनिक हितको लागि साझाकुरा राष्ट्रिय दैनिक साझाकुरा

## भोलिको पात्रो

भोलि वि.सं. २०७८ चैत १० गते बिहीबार २४ मार्च २०२२ । चैत कृष्ण षष्ठी । चिल्लागा सप्तमी ११४२ । सूर्योदय ६:०३ र सूर्यास्त ६:१७ मा हुनेछ ।

## आजको राशिफल

| | | | |
|---|---|---|---|
| मेष | : रिसलाई नियन्त्रण गर्नुपर्नेछ | तुला | : अधुरो काम बन्ने सम्भावना छ |
| वृष | : शुभ समाचार मिल्नेछ | वृश्चिक | : मित्रहरुबाट सहयोग हुनेछ |
| मिथुन | : भाग्योदयको योग छ | धनु | : आफन्तबाट विरोध हुनेछ |
| कर्कट | : सहयोगी हातहरु बढ्नेछ | मकर | : पैसाबाट घाटा देखिन्छ |
| सिंह | : धर्मकर्ममा मन जानेछ | कुम्भ | : कामको उचित प्रतिफल पाइनेछ |
| कन्या | : नयाँ मित्रसँग भेटघाट हुनेछ | मीन | : धन आर्जन हुनेछ |

# अर्थतन्त्र उकास्न नयाँ प्याकेजको अपेक्षा

शंकरमान सिंह




देशको धर्ममराउँदो अर्थतन्त्रलाई बल प्रदान गर्न एउटा विशेष आर्थिक प्याकेजको घोषणा वा बजेटबाट सोको सम्बोधनको आवश्यकता छ । ती उपायहरूमा नागरिकलाई करमा अस्थायी छुटदेखि लिएर साना उद्यमीहरूलाई राहतका प्रावधानहरूसमेत उल्लेख हुनुपर्छ ।

विश्वव्यापी आर्थिक संकटलाई 'शताब्दीमा एक पटक' हुने घटनाको संज्ञा दिनुमा अत्युक्ति नहोला । कहिले राजनीतिज्ञ त कहिले मौसमविदले प्रयोग गर्ने जस्ता शब्दावलीहरू प्रयोग गर्नुपर्ने स्थिति हाल आएको छ । आर्थिक संकटको 'हावाहुरी'मा मानिसहरूलाई 'ओत' उपलब्ध गर्न नेपालले नयाँ आर्थिक प्याकेजको रूपमा वा बजेटमा ल्याउनु जरुरी छ । नेपाली जनता अहिलेको 'भीषण आँधी' बाट विचलित हुन नहुने र 'चक्रवात'मा फस्न पनि नहुनेमा कसैको दुईमत नहोला । घर कर्जामा थप कर सहुलियत, साना उद्यमहरूलाई सहयोगका साथै सडक दस्तुरहरूमा कटौतीजस्ता अर्थतन्त्रलाई माथि उठाउन सक्ने विभिन्न उपायहरूको घोषणा अपेक्षित छन् ।

नेपालमा पहिले नै सार्वजनिक ऋणको मात्रा ज्यादा छ तर सरकारले नयाँ प्याकेजका लागि रकम जुटाउन उसले थप कर्जा लिन आवश्यक भए-नभएको बारे ध्यान दिनुपर्नेछ । तर, सरकारका आलोचकहरू भन्छन्- सरकारको नयाँ खर्च योजना, स्थानीय निर्वाचनअघि मतदाताहरूलाई आकर्षित गर्ने सरकारले दिन लागेको, उनीहरूकै शब्दमा, एक प्रकारको आकर्षक नाराभन्दा अरू थोक केही होइन भन्ने नहोस् भन्नेहरू पनि छन् । जनताको ध्यानको केन्द्रमा अहिले अर्थतन्त्र छ राजनीति होइन । नेपाली बजेट दस्तावेज निकै जटिल स्थितिमा निर्माण हुँदैछ छ र प्रमुख अर्थशास्त्रीहरूले बजेट दस्तावेजमा धेरै समय खर्च गर्ने र निजी क्षेत्रले बहस र लबिङ गर्ने बेला आएको छ । अर्थ मन्त्रालयले आगामी आर्थिक वर्ष २०७९-८० को बजेटको तयारी सुरु गरेको छ ।

पछिल्लो सात महिनाको आर्थिक स्थितिले समय मुलुकको अर्थतन्त्र झन् बिग्रँदै गएको देखिएको छ । शोधनान्तर स्थिति, मुद्रास्फीति, विप्रेषण आप्रवाह, विदेशी मुद्रा सञ्चिति, व्यापारघाटालगायत सूचक हेर्दा अर्थतन्त्रमा झनै संकटतर्फ उन्मुख भएको आभास हुन्छ । यो प्रस्ट छ कि सरकारी क्षेत्रबाट मात्र हुने सामान्य र औसत गतिको प्रयासबाट मात्रै आर्थिक सूचकहरू सुधार्न नसकिने भएकाले सबै क्षेत्रको सहभागिता आवश्यक छ । आर्थिक संकटको जोखिम निम्तिन नदिन सबै दलबीच 'न्यूनतम साझा धारणा' आवश्यक रहेको महसुस भएको छ । कोभिड महामारी संकट उच्च बिन्दुमा पुग्दा पनि अर्थतन्त्रका सूचक अहिलेको जस्तो नराम्रा थिएनन् ।

अहिले युक्रेन युद्धले धराशायी बनिरहेका छन् । नेपाल गम्भीर संकटको अवस्थाबाट गुज्रिरहेको अर्थतन्त्र राजनीतिको छायामा परेको छ । राजनीतिका अगाडि अर्थतन्त्र निरीह र लाचारिस भएको महसुस भएको छ । पछिल्लो समय विदेशी मुद्रा आर्जन व्यापक मात्रामा हुन सकेको छैन । तर, विदेशी मुद्रा जाने माध्यम अर्थात् आयात भने उच्च मात्रामा बढेको छ । विप्रेषण र निर्यातबाट आउने विदेशी मुद्रामे आयातलाई थेग्न नसकेको अवस्था छ । फलस्वरूप शोधनान्तर घाटा बढ्न एएको हो भन्नुमा अत्युक्ति नहोला । मुलुकको व्यापार घाटाले नेटो काटेको छ । आयातमा भएको उल्लेख्य वृद्धिका कारण व्यापार घाटा १० खर्ब १५ अर्ब ८१ करोड रुपैयाँबराबर पुगेको छ । चालू आवको सात महिनामा कुल वस्तु व्यापारघाटा ३८.४ प्रतिशतले वृद्धि भएको छ । अघिल्लो वर्ष त्यस्तो व्यापारघाटा ०.७ प्रतिशतले घटेको थियो । समीक्षा अवधिमा निर्यात आयात अनुपात ११.५ प्रतिशत पुगेको छ । अघिल्लो वर्षको सोही अवधिमा यस्तो अनुपात ८.७ प्रतिशत रहेको थियो । यस्तै, समीक्षा अवधिमा भारतबाट परिवर्त्य विदेशी मुद्रा भुक्तानी गरेर एक खर्ब २८ अर्ब १७ करोडबराबरको वस्तु आयात भएको छ । अघिल्लो वर्षको सोही अवधिमा त्यस्तो आयात १ खर्ब ४ अर्ब १३ करोडबराबर थियो ।

नेपाल राष्ट्र बैंकले हालै सार्वजनिक गरेको विवरणअनुसार सात महिनाको कुल वस्तु आयात ४२.८ प्रतिशतले वृद्धि भएर ११ खर्ब ४७ अर्ब ४६ करोड बराबर पुगेको छ । अघिल्लो वर्ष त्यस्तो आयात नगन्य रूपमा मात्रै बढेको थियो । विवरणअनुसार भारतबाट ३१ प्रतिशत, चीनबाट ४२.३ प्रतिशत र अन्य देशबाट ८३.८ प्रतिशतले आयात बढेको छ । पेट्रोलियम पदार्थ, औषधी, कच्चा पाम तेल, कच्चा सोयाबिन तेल, यातायातका साधन तथा पार्टपुर्जालिगायतका सामानको आयात बढेको छ । त्यस्तै एसउम बिलेट, रासायनिक मल, सिमेन्ट, दाल, मोलासिस सुगरलगायतका वस्तुको आयात बढेको छ ।

**निर्यात पनि बढ्यो**

आयातको तुलनामा थोरै भए पनि निर्यातको मात्रामा पनि वृद्धि भएको छ । केन्द्रीय बैंकका अनुसार चालू आवको सात महिनाको अवधिमा वस्तु निर्यात ८८.३ प्रतिशतले वृद्धि भएर १ खर्ब ३१ अर्ब ६६ करोड पुगेको छ । अघिल्लो आवको सोही अवधिमा निर्यात ७.६ प्रतिशतले वृद्धि भएको थियो । भारततर्फको निर्यात १ सय १३ प्रतिशतले बढेको छ । तर, उत्तरी छिमेकी चीनतर्फको निर्यात भने १२.४ प्रतिशतले घटेको छ । अन्य मुलुकतर्फको निर्यातमा पनि २७.७ प्रतिशतले वृद्धि भएको छ ।

नेपालबाट पाम तेल, सोयाबिन तेल, पिना, धागो, जुसलगायतका वस्तुको निर्यात बढेको छ । त्यस्तै नगदे बालीको रूपमा रहेको अलैंची, चिया, जडीबुटीको निर्यात घटेको छ । तामाको तार र अन्य फलाम तारको समेत निर्यातमा पनि कमी आएको छ । कोभिड-१९ को महामारीका कारण अर्थतन्त्रले गति लिन नसक्दा मुलुकले २ खर्ब ४७ अर्ब ३ करोड शोधनान्तर घाटा बेहोरेको छ । नेपाल राष्ट्र बैंकले आर्थिक वर्ष २०७८-२०७९ को सात महिनाको तथ्यांकमा आधारित भएर हालै सार्वजनिक गरेको देशको वर्तमान आर्थिक तथा वित्तीय स्थितिसम्बन्धी प्रतिवेदनअनुसार घाटा बढेको हो । अघिल्लो वर्षको सोही अवधिमा शोधनान्तर स्थिति ९७ अर्ब ३६ करोडले बचतमा रहेको थियो । अमेरिकी डलरमा अघिल्लो वर्षको सोही अवधिमा ८१ करोड ७६ लाखले बचतमा रहेको शोधनान्तर स्थिति समीक्षा अवधिमा २ अर्ब ७ करोडले घाटामा रहेको छ ।

समीक्षा अवधिमा चालू खाता चार खर्ब १३ अर्ब ८६ करोडले घाटामा रहेको छ । अघिल्लो वर्षको सोही अवधिमा चालू खाता १ खर्ब ४ अर्ब ३९ करोडले घाटामा रहेको थियो । अमेरिकी डलरमा अघिल्लो वर्षको सोही अवधिमा ८९ करोड २१ लाखले घाटामा रहेको चालू खाता समीक्षा अवधिमा ३ अर्ब ४७ करोडले घाटामा रहेको छ । केन्द्रीय बैंकका अनुसार समीक्षा अवधिमा अन्तर्राष्ट्रिय मुद्रा कोषबाट विस्तारित ऋण सुविधामा १३ अर्ब ८ करोड प्राप्त भएको छ । यस अवधिमा पुँजीगत ट्रान्सफरमा १९.४ प्रतिशत घटेर ६ अर्ब ३१ करोड कायम भएको छ भने खुद वैदेशिक लगानीमा ८०.६ प्रतिशतको उत्साहजनक प्राप्ति भएको छ ।

वार्षिक बिन्दुगत आधारमा उपभोक्ता मूल्य सूचकांकमा आधारित मुद्रास्फीति ५.९७ प्रतिशत रहेको भने आयात ४२.८ प्रतिशतले र निर्यात ८८.३ प्रतिशतले बढेको छ । विप्रेषण आप्रवाह नेपाली रुपैयाँमा ४.९ प्रतिशत र अमेरिकी डलरमा ५.८ प्रतिशतले घटेको छ । कुल विदेशी विनिमय सञ्चिति रु. ९ अर्ब ७५ करोड अमेरिकी डलर रहेको छ । संघीय सरकारको खर्च रु. ५ खर्ब ९१ अर्ब २ करोड र राजस्व परिचालन रु. ६ खर्ब १३ अर्ब ४१ करोड रहेको बैंकले बताएको छ ।

**तरलता व्यवस्थापन**

चालू आवको सात महिनामध्ये पहिलो महिनामा रिभर्स रिपोमार्फत २८ अर्ब ३५ करोड र निक्षेप संकलन उपकरणमार्फत ३१ अर्ब ६५ करोड गरी कुल ६० अर्ब तरलता प्रशोचन गरिएको छ । कमजोर घरेलु मुद्राले निर्यातमा कमी र आयात महँगो बनाउँछ । यसको विपरीत, एक बलियो घरेलु मुद्राले निर्यात बढी र आयात सस्तो बनाउँछ । उच्च मुद्रास्फीतिले सामग्री र श्रमजस्ता इनपुट लागतमा प्रत्यक्ष असर पारी निर्यातलाई असर गर्न सक्छ । आयात र निर्यातको उचित सन्तुलन कायम राख्नु मुलुकको लागि महत्वपूर्ण छ । हालै नेपाल राष्ट्र बैंकले आयात कर्जामा एकीकृत निर्देशिका मार्फत कडाइ गरेको छ भने नेपालीलाई पर्यटक भिसामा समेत कडाइ गरेको छ । हाल देशको विषम एवं असहज स्थिति, कोभिडको असर, युक्रेन युद्धको असर, पेट्रोलको लगातार मूल्य वृद्धि, राजनीतिक अस्थिरता र खस्कँदो आर्थिक स्थितिका कारण आज निजी क्षेत्रले रोजगारी दिने कुरा त्यति सहज भएन । त्यसो भएको हुनाले नागरिक समाजको दायित्व र व्यावसायिक समुदायले समेत आफूले निर्वाह गर्नुपर्ने भूमिकाको बोध गर्दै निजी क्षेत्रले नेपालको भविष्य निर्धारणमा उल्लेख्य भूमिका खेल्नुपर्छ ।

नेपाली अर्थतन्त्रको क्षेत्रगत संरचनाले नै हाल केही नराम्रा संकेत देखिइसकेको छ । जस्तो नेपालीहरूले विप्रेषणको रूपमा पठाउने रकम उद्योग, व्यापार वा उत्पादनशीलमा लगानी गर्नुको सट्टा अचल सम्पत्ति, घरजग्गा खरिद र उपभोगमा नै खर्च गर्छन् । यसले गर्दा पैसा कमाई धनी बन्ने व्यक्ति सहरकेन्द्रित भई गाउँ उपेक्षित भएको छ । ओरालो लागेको नेपाली अर्थतन्त्रलाई उपचार गर्ने क्रममा सरकार वैकल्पिक स्रोतहरू एवं उपायको खोजीमा लाग्नुपर्ने अन्यथा भीरको डिलमा पुगेको जर्जर अर्थतन्त्र कुनै पनि समयमा भीरबाट गुल्टन सक्ने वास्तविक यथार्थतालाई आत्मसात् गर्दै असफल अर्थतन्त्र वा राष्ट्रको रूपमा नेपाललाई विश्वसामु प्रस्तुत नगरौं ।

**आपूर्ति श्रृंखला**

'आपूर्ति श्रृंखलामा विश्वव्यापी महामारीको समयमा विश्वमा आपूर्ति श्रृंखला चकनाचुर भएको छ र आज हामी विशेष गरी देखिरहेका छौं कि आपूर्ति श्रृंखलाको मुद्दाले सम्पूर्ण विश्वको अर्थतन्त्रलाई हल्लाएको छ,' भारतका प्रधानमन्त्री मोदीले भनेका छन् । विश्वव्यापी अर्थतन्त्रमा ठूलो असर पार्नेछ । युक्रेन संकटमा विश्वव्यापी अर्थतन्त्रमा बढ्दो अनिश्चितता र रूससमाथि प्रतिबन्ध लगाइएपछि व्यापार र ढुवानी सेवाहरू अवरुद्ध हुँदा ब्रेन्ट कच्चा तेलको मूल्य वृद्धि हुनेछ । यसले आगामी आर्थिक वर्षमा कच्चा तेलमा नेपालको आयात बिललाई उल्लेखनीय रूपमा बढाउनेछ, किनकि देशले आफ्नो ऊर्जा आवश्यकताको ७ प्रतिशत आयातमा निर्भर गर्छ । विश्वव्यापी महामारीको समयमा विश्वमा आपूर्ति श्रृंखला चकनाचुर र भद्रगोल भएको छ र आज हामी विशेष गरी देखिरहेका छौं कि आपूर्ति श्रृंखलाको मुद्दाले सम्पूर्ण विश्वको अर्थतन्त्रलाई हल्लाएको छ । नेपाल पनि यो रोगबाट अछुतो रहन सकेको छैन । -साभार: कारोबार

# युक्रेनले रोजेको विनाशकारी बाटो

लक्ष्मण पन्त

युक्रेनका दुईवटा क्षेत्रलाई स्वतन्त्र देशको मान्यता दिने रुसले गरेको निर्णयको एक साता नबित्दै राष्ट्रपति पुटिनले युक्रेनमाथि सैन्य हमला गर्ने आदेश दिए । यससँगै ६ लाख वर्गकिलोमीटर क्षेत्रफल र साढे चार करोड जनसंख्या भएको युरोपकै सबैभन्दा गरिब मुलुक युक्रेन गम्भीर संकटको चरणमा प्रवेश गरेको छ ।

महिना दिनदेखि जारी युक्रेनमाथि रुसको आक्रमणलाई कुनै पनि बहानामा उचित ठहर गर्न सकिदैन । त्यसको निन्दा र भर्त्सना गरिनु पर्दछ । तर युक्रेन संकटका लागि रुसमाथि मात्र दोष थोपरेर पुग्दैन । रुसलाई घेर्ने अमेरिकी योजनामा साझेदार बन्ने युक्रेनी सरकारको आत्मघाती नीतिको फल आज युक्रेनी निर्दोष जनताले भोग्नु परेको छ ।

युक्रेनलाई रुससँग शत्रुता मोल्न लामो समयदेखि उक्साइरहेको अमेरिकाले युक्रेनलाई युद्धको तुफानको बीचमा छोडिदिएको छ । युक्रेनका लागि यो घाउमाथि नुनचुक दल्नुसरह हुन गएको छ । युक्रेनका जनता आफ्ना शासकहरुले गरेको गल्तीको चर्को मूल्य चुकाउन अभिशप्त छन् । त्यहाँका राष्ट्रपति ब्लादिमिर जेलेन्सकी युक्रेनका कुनै समयका चर्चित हाँस्य कलाकार पनि हुन् । तर उनको अमेरिकासँगको अस्वाभाविक हिमचिमले आज युक्रेनी जनता रुने स्थितिमा पुगेका छन् । युक्रेनलाई संकटमा धकेल्न जति पुटिन दोषी छन्, अमेरिका र युक्रेनी शासकहरु पनि कम दोषी छैनन् । ससाना बहानामा पनि अरु मुलुकहरुमाथि जाइलाग्ने गरेको अमेरिका युक्रेन मामिलामा भने फौजी रुपमा चुप छ ।

रुस परमाणुशक्ति सम्पन्न विश्वकै महाशक्ति हुनु नै यसका पछाडिको मुख्य कारण हो । राष्ट्रपति पुटिनले युक्रेन मामिलामा बाह्रय शक्तिले हस्तक्षेप गर्न खोजे त्यसको परिणाम भयावह हुने चेतावनी दिएका छन् । रुसी आणविक शक्तिका अतिरिक्त अमेरिका रक्षात्मक हुनुका पछाडि चीन अर्को फ्यावटर हो ।

युद्ध लम्बिए पनि वा केही दिनमै टुंगिए पनि त्यसले आउँदा दिनहरुमा युक्रेनी समाजलाई नराम्ररी विभाजनमा धकेल्ने छ । अफ्गानिस्तान, सिरिया, इराक, लिबिया आदि मुलुकहरुमा त्यही भएको छ । युक्रेन पनि त्यसको अपवाद हुन सक्तैन । इतिहास साक्षी छ कि अमेरिका विश्वको जुन जुन मुलुकमा हस्तक्षेपकारी भूमिकामा प्रवेश गरेको छ, त्यहाँका जनताले अमन चैनसाथ बस्न पाएको एउटा पनि उदाहरण छैन । सोभियत संघले असीको दशकमा अफ्गानिस्तान माथि गरेको हमलाको दुष्परिणाम लगभग आधी शताब्दीपछि पनि त्यहाँका जनता भोग्न बाध्य छन् । युद्ध साम्राज्यवादको अनिवार्य विशेषता हो ।

अमेरिका र नाटो गठबन्धनको वास्तविक सैन्य शक्ति र रुस, चीन, इरानलगायतका मुलुकहरुको वास्तविक सैन्य शक्ति जोड्दा कसको पलडा भारी होला भन्ने विश्लेषण र मूल्यांकन सामरिक विज्ञहरुबाट हुँदै जाला । तर, युक्रेनको सन्दर्भमा भने अमेरिका अब रक्षात्मक बन्न पुगेको देखिन्छ । विश्वव्यापी बर्चस्व कायम गर्ने दौडको मुख्य खेलाडी अब अमेरिका र नाटो होइन, छिटै नै चीन र रुस हुने त होइनन् भन्ने संकेत पनि युक्रेन संकटले गरेको छ । नेपाल,भारत र चीनबीचको बफर स्टेट भएजस्तै युक्रेन पनि युरोप र रसियाबीचको बफर स्टेटका रुपमा रही आएको छ । सन् १९९१ मा सोभियत संघको विखन्डन हुनुभन्दा पहिले रुसपछि युक्रेन सोभियत संघको सबैभन्दा ठूलो राज्य थियो ।

युक्रेनको कुल जनसंख्यामा रसियन मूलका युक्रेनीहरुको संख्या झन्डै एक करोड रहेको छ । रुस र पश्चिमा ब्लकको तानातानमा परेको युक्रेनका लागि तटस्थताको नीति अंगालेर दुवैलाई समदूरीमा राख्ने नीति नै सबैभन्दा राम्रो विकल्प हुन सक्थ्यो । तर दुर्भाग्य,उसले रुसको सुरक्षा जोखिममा पार्ने हदसम्म पुगेर अमेरिकासँग हिमचिम बढायो ।

आफ्नो ढोकामै अमेरिका र नाटो पुग्ने खतरा बढ्नु भनेको रुसको लागि स्वाभाविक रुपमा जीवन मरणको प्रश्न थियो । आफ्नो भूमि कुनै अर्का मुलुक विरुद्ध प्रयोग हुनु नेपालजस्तो दुई शक्तिशाली छिमेकीबीच अवस्थित मुलुकका लागि आत्मघाती हुनेछ भन्ने शक्तिशाली सन्देश युक्रेन संकटले नेपललाई दिएको छ ।

वैदेशिक सम्बन्धमा नेपालले अवलम्बन गर्दै आएको तटस्थताको नीतिलाई दह्रोसँग आत्मसात गर्नु र त्यसलाई व्यवहारमा लागु गर्नुको विकल्प नेपालसँग छैन । यस तथ्यलाई गम्भीरतापूर्वक नलिने हो भने भोलि मुलुकका शासकहरुको हालत युक्रेनी राष्ट्रपतिको जस्तो नहोला भन्न सकिन्न ।

त्यस्तो अवस्थामा अमेरिका चीन वा भारत कसैले पनि नेपाललाई साथ दिने छैन । यहाँको भूराजनीतिक संवेदनशीलतालाई ध्यानमा राखेर नै नेपाललाई शान्ति क्षेत्र घोषणा गरियोस् भन्ने प्रस्ताव राजा वीरेन्द्रले विश्व समुदाय समक्ष राखेका थिए । तर दुर्भाग्यवश विश्वका ११६ मुलुकहरुले त्यसलाई समर्थन गरे पनि भार तले समर्थन गरेन । दुई शक्तिशाली छिमेकी भारत र चीनको स्वार्थको टक्करको शिकार नेपाल जस्तो मुलुक नबनोस् भन्ने दुरदृष्टिबाट अभिप्रेरित भएर नै राजाले त्यो प्रस्तावलाई अगाडि सारेका थिए । अब शान्ति क्षेत्रको प्रस्तावको सान्दर्भिकता युक्रेनको संकटले पुष्टि गरिदिएको छ ।

कुनै समय विश्व साम्यवादी र पुँजीवादी खेमामा बाँडिएको थियो । दुवै खेमाको नेतृत्व गर्ने सोभियत संघ र अमेरिकाले आफ्नो गुटका मुलुकहरुमाथि संकट आइलागे सम्पूर्ण शक्ति लगाएर उसको रक्षा गर्दथे । तर युक्रेन घटनामा अमेरिका उसको रक्षाका लागि सैन्य रुपमा अगाडि आएन ।

न त युरोपका मुलुकहरु नै युक्रेनको रक्षामा अगाडि आइरहेका छन् । किनभने युक्रेनलाई साथ दिंदा उनीहरुको व्यापारिक स्वार्थमा धक्का पुग्ने र रणनैतिक हिसाबले आफूलाई हानी हुने उनीहरुले हिसाबकिताब गरेका छन् । यसबाट पनि के स्पष्ट हुन्छ भने वर्तमान विश्वमा मुलुकहरु बीचको सम्बन्ध विचारधाराका आधारमा होइन, सम्बन्धित मुलुकको राष्ट्रिय हितका आधारमा मात्र तय हुन्छ ।

अमेरिकाको खाडीका तानाशाह शासकहरुसितको निकटताको सम्बन्ध, चीनको पाकिस्तान र इरान जस्ता कट्टर इस्लामी मुलुकहरुसँगको सुमधुर सम्बन्धले यसै तथ्यलाई पुष्टि गर्दछ । वाम र प्रजातान्त्रिक कित्तामा बाँडिएको हाम्रो समाजमा पनि अमेरिका, चीन, भारत वा रुस जुनसुकै मुलुकलाई हेर्ने दृटिकोणमा वैचारिक आग्रह पूर्वाग्रह होइन, नेपालको राष्ट्रिय हितलाई केन्द्रबिन्दुमा राख्नु पर्दछ । -साभार: रातोपाटी

# काममा हस्तक्षेप नगर्दा संघीयता प्राप्त हुन्छः मुख्यमन्त्री पाण्डे

ललितपुर (रासस)/ बागमती प्रदेशका मुख्यमन्त्री राजेन्द्रप्रसाद पाण्डेले एउटा तहले गरेको काममा अर्को तहले हस्तक्षेप नगर्दा मुलुकमा संघीयता प्राप्त हुने बताएको छ ।

बागमती प्रदेश नीति तथा योजना आयोगको आयोजना तथा गाउँपालिका राष्ट्रिय महासंघ नेपालको समन्वय तथा व्यवस्थापनमा भएको 'संघीय संरचनामा तहगत सरकारका योजना तर्जुमा, कार्यान्वयन र प्रतिवेदन प्रणाली विषयक' दुईदिने गोष्ठीलाई सम्बोधन गर्दै उनले संघ तथा प्रदेश र स्थानीय तहले बनाउने नीति तथा नियम बाँझिन पुगेमा संघीयता प्राप्त गर्न समस्या उत्पन्न हुने बताए । उनले भने, "तीनै तहका जनप्रतिनिधिले योजना छुनोटमा कसरी लाग्ने भन्ने ध्यान दिन जरुरी छ ।" सोका लागि प्रदेश र स्थानीय तहबीचको तालमेल हुनुपर्ने उनको भनाइ छ ।

मुलुकमा संघीयता कार्यान्वयनका लागि आफूहरूले स्थानीय तहका कर्मचारीसम्बन्धी विधेक तयार गरिरहेको मुख्यमन्त्री पाण्डेले बताए । "बागमतीमा लगभग तीन हजार ४०० कर्मचारी रहनुपर्दा करिब एक हजार ४०० कर्मचारी खाली रहेका छन्", उनले थपे, "यसले गर्दा समयमै काम अघि बढ्न सकेको छैन । मुलुकमा संघीयता प्राप्तिका लागि हामीले कर्मचारीसम्बन्धी छुट्टै ऐन व्यवस्थापन गर्नुपर्ने देखिन्छ ।" अबका दिनमा मुलुकका हरेक प्रदेशले के-कस्ता काम गरिरहेका छन् ।

सोको जानकारी गराउने थलो बनाउन जरुरी रहेको जानकारी गराउँदै उनले कार्यक्रममा उपस्थित व्यक्तित्वलाई सोको व्यवस्थापनमा लाग्न अनुरोध गरे । राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगका अध्यक्ष बालानन्द पौडेलले मुलुकमा प्रयोग गरिने सर्शत अनुदानका आधार मन्त्रिपरिषद्मा नगएको परिपाटी पाइने बताए । उनले भने, "मुलुकमा सुशासन सुधारका काम हरेक तहबाट हुनुपर्छ ।"

प्रदेश नं १ नीति योजना आयोगका सचिव जयकुमार घिमिरेले आयोगमा कामका लागि अनुसन्धानकर्ता तथा विज्ञ करारमा लिनुपर्ने आवश्यक भएको जानकारी गराए । उनले भने, "प्रदेशको मागअनुसार स्रोत व्यवस्थापन नहुँदा चुनौती छ ।" मधेस प्रदेश नीति योजना आयोगका उपाध्यक्ष डा. भोगेन्द्र झाले प्रादेशीय योजना आयोगमा समन्वयमा अभाव रहेको दुःखेसो गरे । बागमती प्रदेश नीति योजना आयोगका उपाध्यक्ष कृष्णराज पन्थले मुलुकमा आवश्यक ऐन, कानुन अभावमा योजना तर्जुमामा समस्या भइरहेको भनाइ राखे ।

गण्डकी प्रदेश नीति तथा योजना आयोगका उपाध्यक्ष डा. रघुराज काफ्लेले आफूहरूले सो क्षेत्रमा जलवायुमैत्री तथा चकलाबन्दी अनि स्याउखेती एवं 'एक घर, एक धारा'का साथै सबै घरमा बिजुली कार्यक्रम अघि बढाएर जनतालाई सुविधा पुऱ्याउने काम गरिरहेको बताए । उनले भने, "संघीयता प्राप्तिका लागि हामीले अबको दिनमा १० प्रतिशत आर्थिक वृद्धिदर हासिल गर्ने योजना अघि सारेका छौं ।"

कर्णाली प्रदेश नीति तथा योजना आयोगका निमित्त प्रशासकीय अधिकृत हरिबहादुर खत्रीले आफ्ना ठाउँबाट प्राकृतिक ग्याँस तथा खानी र रत्न पत्थर ढुंगा उत्पादन गर्दा प्रदेशको आयस्रोत बढ्ने जानकारी गराए । सुदूरपश्चिम प्रदेश नीति तथा योजना आयोगका सदस्य मोहनदेव जोशीले आफ्नो क्षेत्रमा दोधारा र चाँदनी जोड्ने पुल अझै निर्माण हुन नसकेकामा दुःखेसो गरे । नेपाल सरकारका पूर्वसहसचिव तथा विज्ञ पुरुषोत्तम नेपालले कुनै स्थानीय तहले कम्तीमा ३३ देखि बढीमा ६४ कानुन निर्माण गरी लागू गरिरहेका मुलुकमा पूर्णरूपमा संघीयता प्राप्त गर्न के कुराको खाँचो भइरहेकोसमस्या खोज्न जरुरी रहेको धारणा राखे । महासंघका अध्यक्ष होमनारायण श्रेष्ठले तीनै तहका सरकारले गरेका कामलाई तथ्याङ्गत आधारमा व्यवस्थापन गर्दा संघीयता प्राप्त गर्न सहयोग पुग्ने बताए ।

जिल्ला समन्वय समिति महासंघका अध्यक्ष नवराज गोलेले संघीय संरचनाको विधि अपूरो रहेको बताउँदै सोको कार्यान्वयन तहमा कमी, कमजोरी भएको औंल्याए । छत्रदेव गाउँपालिका अर्घाखाँचीका अध्यक्ष लेखनाथ पोखरेलले मुलुकको प्राविधिक पाटो कमजोर भइरहेको जानकारी गराउँदै सोको अनुगमन नभएको गुनासो गरे ।

त्रिवेणी गाउँपालिका सल्यानका अध्यक्ष मानबहादुर ढाँगीले पहुँचका आधारमा चाहिएको बजेट मागने क्रमले संघीयता प्राप्त नहुने आरोप लगाए । केराबारी गाउँपालिका मोरङका उपाध्यक्ष शान्तिकुमारी लिम्बूले मुलुकको बजेट असारमा मात्रै आउने क्रमले कतिपय काम हुन नसक्ने धारणा राख्दै बजेट प्राप्त हुने मिति निश्चित हुन जरुरी रहेको जिकिर गरे ।


## हार्दिक समवेदना

जन्मः १९९७/०३/२३ स्वर्गारोहणः २०७८/११/२७

यस सहकारी संस्थाका कोषाध्यक्ष ज्ञानेन्द्र बर्तौलाको ममतामयी माता **डम्बरकुमारी बर्तौला**को असामयिक र अकल्पनीय स्वर्गारोहण भएकोमा हामी अत्यन्तै मर्माहत् भएका छौं । शोकसन्तप्त परिवारजनमा धार्यधारण गर्न सक्ने शक्ति मिलोस् भनी भगवानसंग प्रार्थना गर्दै हार्दिक समवेदना प्रकट गर्दछौं ।

डा. गणेशबहादुर बल लामा (अध्यक्ष) एवम्
**श्री दिव्यतारा बहुउद्देश्यीय सहकारी संस्था लि.**
हेटौंडा-२, मकवानपुर, परिवार


# नेपालको कूटनीतिक सम्बन्ध १७४ देशमा विस्तार

काठमाडौं (रासस)/नेपाल र फिलिपिन्सको दक्षिणपूर्व प्रशान्त महासागरमा अवस्थित देश गणतन्त्र पलाउबीच कूटनीतिक सम्बन्ध स्थापना भएको छ । यो संगै नेपालसँग द्विपक्षीय कूटनीतिक सम्बन्ध भएका देशको संख्या १७४ पुगेको छ ।

कूटनीतिक सम्बन्ध स्थापना सम्बन्धी संयुक्तपत्रमा संयुक्त राष्ट्रसंघका लागि नेपालका स्थायी प्रतिनिधि अमृतबहादुर राई र उक्त विश्व संस्थाका लागि गणतन्त्र पलाउका स्थायी प्रतिनिधि इलाना भिक्टोरिया सेडले न्यूयोर्कस्थित संयुक्त राष्ट्रसंघका लागि नेपालको स्थायी नियोगमा सोमबार आयोजित एक संक्षिप्त समारोहमा हस्ताक्षर गरे । दुवै देशका राजदूतले संयुक्त राष्ट्रसंघका महासचिव एन्टोनियो गुटेरेसलाई दुई देशबीचको कूटनीतिक सम्बन्ध स्थापनाबारे जानकारी गराउने संयुक्तपत्रमा पनि हस्ताक्षर गरेको न्यूयोर्कस्थित संयुक्त राष्ट्रसंघका लागि नेपालको स्थायी नियोगले मंगलबार जनाएको छ ।

त्यस अवसरमा दुवै राजदूतले दुई देशको पारस्परिक हितका लागि राष्ट्रिय तथा बहुपक्षीय एवं विशेषगरी संयुक्त राष्ट्रसंघका मञ्चहरूमा द्विपक्षीय सहयोगलाई सुदृढ बनाउन साझा हितका विभिन्न विषयमा विचारविमर्श गरेका थिए ।

# गैंडा स्थानान्तरण गर्न अध्ययन

चितवन (रासस)/दुर्लभ एक सिंगे गैंडा स्थानान्तरणका लागि अध्ययन सुरु गरिएको छ । चितवन राष्ट्रिय निकुञ्जमा आन्तरिक र बाह्य गैंडा स्थानान्तरणका लागि अध्ययन थालिएको हो ।

राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभागले उपमहानिर्देशक बेदकुमार ढकालको संयोजकत्वमा अध्ययन समिति बनाएको छ । यो समितिले गैंडासँगै बाह्रसिङ्गे स्थानान्तरणका लागि अध्ययन गर्ने छ । कृष्णसार स्थानान्तरणका लागि अध्ययन गरी प्रतिवेदन तयार भइसकेको छ । अर्ना स्थानान्तरणको अध्ययनसमेत गरिने छ । अध्ययन समितिका संयोजक ढकालका अनुसार चितवन राष्ट्रिय निकुञ्जमा पश्चिममा गैंडाको संख्या धेरै रहेको छ ।

ती गैंडामध्ये केहीलाई पूर्व स्थानान्तरणका लागि अध्ययन थालिएको हो । कोसीटप्पु राष्ट्रिय निकुञ्जमा चितवनको गैंडा लैजाने विषयमा अध्ययन थालिएको हो । विभागले ढकालको संयोजकत्वमा चितवन राष्ट्रिय निकुञ्जका प्रमुख संरक्षण अधिकृत हरिभद्र आचार्य, कोसीटप्पु राष्ट्रिय निकुञ्जका प्रमुख संरक्षण अधिकृत रामचन्द्र खतिवडा, इकोलोजिष्ट गणेश पन्त, राष्ट्रिय प्रकृति संरक्षण कोषका नरेश सुवेदी, जेडएसएलका भगवानराज दाहाल, विश्व वन्यजन्तु कोषका कञ्चन थापा र सहायक इकोलोजिष्ट हेमराज आचार्य रहेको अध्ययन समिति बनाएको छ ।

समितिले चितवन र कोसीटप्पुको पहिलो चरणको अध्ययन गरेको छ । ढकालको भनाइमा कोसीटप्पु, बर्दिया र शुक्लाफाँटामा गैंडा स्थानान्तरणको विषयमा अध्ययन भइरहेको छ । विज्ञ समूहहरू पठाएर थप अध्ययन गरिने उनको भनाइ छ । बर्दियामा ३८ र शुक्लाफाँटामा १७ वटा गैंडा रहेका छन् । चितवन राष्ट्रिय निकुञ्जमा ६९४ गैंडा छन् । पर्सा राष्ट्रिय निकुञ्जमा तीन वटा गैंडा छन् । चितवन र पर्सा जोडिएकाले गैंडा यताउता गरिरहने हुँदा गैंडाको संख्या घटबढ हुने गर्दछ । पछिल्लो गणनामा डेराभरका यी निकुञ्जमा कूल गैंडाको संख्या ७५२ पुगेको छ ।

ढकालले तीन/चार महिनामा अध्ययन पूरा गरेर विभागमा प्रतिवेदन बुझाउने बताए । यो वर्ष अध्ययनमा समय लाग्ने भएकाले आउँदो वर्ष स्थानान्तरण गर्न सकिने उनको भनाइ छ । गैंडा स्थानान्तरण गर्न हिउँद पर्खनुपर्छ । विगतमा कोसीमा गैंडा रहेको भन्दै उनले त्यो ठाउँ गैंडाका लागि उपयुक्त हुनसक्ने बताए । उनले भने, "हतारमा हामी काम गर्दैनौं । विस्तृत अध्ययन गरेर सरोकारवालासँग छलफलसमेत गरेर टुंगो लगाउँछौं ।" कोसी गैंडाका लागि उपयुक्त देखिएमा प्रदेश नम्बर १ र मधेश प्रदेशका लागि पर्यटकीय गन्तव्यसमेत हुने उनको भनाइ छ ।

यसरँगै गैंडाको बासस्थान विस्तारमा यो महत्वपूर्ण हुन सक्छ । चितवन राष्ट्रिय निकुञ्जका प्रमुख संरक्षण अधिकृत आचार्य निकुञ्जको पश्चिमी क्षेत्रमा जोखिममा रहेका गैंडा आन्तरिकरुपमा स्थानान्तरण गर्नुपर्ने देखिएकाले अध्ययन थालिएको बताउँछन् । विसं २०७४ मा बाढीका कारण धेरै गैंडा बगेर भारत पुगेका थिए । केही गैंडा उद्धार गरी फिर्ता ल्याए पनि अरु केही ल्याउन सकिएको छैन । आचार्यले एकै ठाउँमा धेरै गैंडा हुँदा प्राकृतिक कारणले मर्ने क्रमसमेत बढेको बताए । उनको भनाइमा बासस्थानको विस्तार गरी केही गैंडा पूर्व ल्याउन सकेमा उपयुक्त हुन्छ । अध्ययन समितिले यो विषयमा विस्तृतरुपमा अध्ययन गर्दै छ । घाँसे मैदान र पानीका स्रोत व्यवस्थापन गरी गैंडा पूर्व लैजान लागिएको हो । निकुञ्जमा गैंडाको संख्या बढ्दै जाने तर बासस्थानको व्यवस्थापन संख्याको आधारमा गर्न नसक्दा समस्या देखिएको छ ।

विभागका महानिर्देशक डा रामचन्द्र कंडेलले समितिले प्रतिवेदन दिएपछि मन्त्रालयले आवश्यक निर्णय गर्ने बताए । उनले भने, "सम्भवगत अर्को वर्ष स्थानान्तरण गर्ने गरी अध्ययन यो वर्ष सकिन्छ ।" गैंडा, अर्ना, बाह्रसिङ्गे र कृष्णसार स्थानान्तरण गर्नका लागि अध्ययन थालिएको उनले बताए । पूर्वी चितवनको टिकौलीमा कृष्णसार ल्याउनका लागि अध्ययन गरी समितिले प्रतिवेदन दिइसकेको छ ।

शुक्लाफाँटा राष्ट्रिय निकुञ्जको हीरापुर फाँटा र बर्दियाको कृष्णसार संरक्षण क्षेत्र खैरापुरबाट कृष्णसार ल्याउन, कोसीटप्पु राष्ट्रिय निकुञ्जबाट अर्ना ल्याउन र शुक्लाफाँटाबाट बाह्रसिङ्गे ल्याउनका लागि अध्ययन सुरु गरिएको हो । पूर्वी चितवनको टिकौली चौरमा कृष्णसार ल्याउनका लागि यसअघि नै अध्ययन गरिसकिएको छ । सो ठाउँमा १६ देखि १८ वटा कृष्णसार ल्याउन सकिने गरी अध्ययन गरेर प्रतिवेदन बुझाईसकिएको छ ।

खुल्ला खोर (पूर्वाधार) निर्माण गरी कृष्णसार ल्याउन सकिने अध्ययनले देखाएको छ । 'सोलार फेन्स' गरेर बीचको भागमा माटाका थुप्रा बनाउनुपर्ने हुन्छ । सर्वसाधारणले अवलोकन गर्नसक्ने गरी स्थानान्तरण उपयुक्त हुने अध्ययन प्रतिवेदनमा उल्लेख छ ।

निकुञ्जमा यसअघि ल्याइएका सात वटा बाह्रसिङ्गेमध्ये छवटा मरिसकेका छन् । तत्कालीन समयमा दुई भाले र पाँच पोथी बाह्रसिङ्गे शुक्लाफाँटाबाट ल्याइएको थियो । निकुञ्जको पुरानो पदमपुर क्षेत्रमा बनाइएको खुल्ला खोरमा अर्नासँगै बाह्रसिङ्गे राखिएको थियो ।

सो खोरमा हाल तीनवटा अर्ना रहेका छन् । तत्कालीन समयमा कोसीटप्पुबाट १३ वटा र सदर चिडियाखानाबाट दुई वटा अर्ना ल्याइएको थियो । ल्याइएका अर्ना मरेर तीन वटा बच्चा मात्रै बाँकी रहेका छन् । ती यही जन्मिएका बच्चा हुन । ठूलो संख्यामा अर्ना ल्याएर वर्षाको समयमा बथानमा खुल्ला छोड्ने गरी अर्ना स्थानान्तरणको योजना बनाइएको छ ।

बर्सातको समयमा एकै ठाउँमा राख्दा समस्या देखिएपछि हिउँदमा केही समय खोरमा राखेर छाड्ने गरी स्थानान्तरण गर्ने योजना बनाइएको हो । एकै ठाउँमा बन्यजन्तु रहँदा कुनै महामारी रोगव्याधि भएमा वंश विनाश हुनसक्ने भएकाले विभिन्न ठाउँमा स्थानान्तरण गर्न लागिएको कंडेलले जानकारी दिए । यसअघि यहाँबाट दुर्लभ एकसिङ्गे गैंडा बर्दिया र शुक्लाफाँटा स्थानान्तरण गरिएको थियो ।

# छात्रामाथि यौन दुर्व्यवहारको विरोध

काठमाडौं (रासस)/ मोरङको लेटाङ नगरपालिका-५ स्थित शिक्षा विकास माध्यमिक विद्यालयका शिक्षक मनोज पौडेलले सोही विद्यालय कक्षा ७ मा अध्ययनरत छात्रामाथि यौन दुर्व्यवहार गरेको घटनाप्रति सामुदायिक विद्यालय व्यवस्थापन समिति महासंघ नेपाल केन्द्रीय कार्यसमिति घोर भर्त्सना गरेको छ ।

महासंघका अध्यक्ष कृष्ण थापाले आफ्नो पेसाप्रति ख्याती नगरी लज्जित हुने कार्य गरेकोमा निज शिक्षकमाथि शीघ्र कानुनी कारबाही गर्न मोरङ जिल्ला प्रशासन कार्यालयसँग माग गरे ।

सो घटनाको शीघ्र छानबिन गर्नका लागि सम्बन्धित जिल्ला शिक्षा समन्वय एकाइ, शिक्षक संघ/संगठन, सम्बन्धित नगरपालिकाको शिक्षा शाखा र सोही विद्यालयका विद्यालय व्यवस्थापन समिति तथा प्रधानाध्यापकसमेतको संलग्नतामा घटनाको छानबिन समिति गठन गरी कारबाही प्रक्रिया अगाडि बढाउनसमेत आग्रह गर्दै पीडित छात्राको आवश्यक उपचार र क्षतिपूर्ति दिनसमेत माग गरिएको छ ।


बागमती प्रदेश सरकार
सामाजिक विकास मन्त्रालय
**व्यावसायिक तथा सीप विकास तालिम केन्द्र**
हेटौंडा, नेपाल

## तालिम कार्यक्रमको शिलबन्दी प्राविधिक तथा आर्थिक प्रस्ताव आह्वानको सूचना

*(प्रथम पटक प्रकाशित मिति २०७८/१२/०८ गते)*

यस केन्द्रबाट आ.व. २०७८/०७९ को वार्षिक कार्यक्रम अनुसार बैदेशिक तथा युवा स्वरोजगारमुलक निम्न लिखित विषयका तालिमहरु बागमती प्रदेश भित्रका (चितवन, मकवानपुर, सिन्धुली, दोलखा, काभ्रे र सिन्धुपाल्चोक, भक्तपुर, ललितपुर) जिल्लाहरुमा संचालन गर्नु पर्ने भएकोले यस केन्द्रबाट यस आ.व.को लागि मौजुदा सक्षिप्त सुचिमा रहेका परमार्शदाताहरुले रितपुर्वक यस केन्दबाट निःशुल्क प्राप्त हुने आर्थिक तथा प्राविधिक प्रस्ताव विषयगत रुपमा बेग्लाबेग्लै खाममा स्पष्ट लेखी शिलबन्दी गरी दुवै प्रस्तावको अर्को खाममा सिलबन्दी गरी यो सूचना प्रकाशित भएको मितिले १५ दिन भित्र पेश गर्न हुन यो सूचना प्रकाशित गरिएको छ ।

**संचालन हुने तालिमको विषयहरु**

| सि.न. | तालिमका विषयहरु | | तालिम अवधि | स्थान | संख्या | बजेट रु.(०००) |
|---|---|---|---|---|---|---|
| १. | कृषि क्षेत्र | | | बागमती प्रदेश भित्रका जिल्लाहरु (चितवन, मकवानपुर, सिन्धूली, रामेछाप, दोलखा, काभ्रे र सिन्धुपाल्चोक, भक्तपुर, ललितपुर) | | |
| | क | कुखुरा पालन | १ महिना (१६० कार्य घण्टा) | | २० | ३२० |
| | ख | बेमौसमी तरकारी खेती | १ महिना (१६० कार्य घण्टा) | | ४० | ६४० |
| २ | होटल तथा पर्यटन क्षेत्र | | | | | |
| | क | कुक | १ महिना (१६० कार्य घण्टा) | | ४० | ६४० |
| | ख | Home stay | १५ दिन | | ४० | ६०० |
| ३ | सेवा तथा अन्य क्षेत्र | | | | | |
| | क | ब्युटी पार्लर लेवल १ | ६५ दिन (३९० कार्य घण्टा) | | २० | ४०० |
| ४ | सुरक्षा क्षेत्र | | | | | |
| | क | सुरक्षा गार्ड | १ महिना (१६० कार्य घण्टा) | | ६० | ९६० |

**तालिम संचालन गर्न इच्छुक नाफामुलक निजी संघ संस्था फर्म वा कम्पनीहरुले पालना गर्नु पर्ने शर्त तथा नियमहरुः**

१. प्रस्ताव फारम यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले १६ औ दिनको १२:०० बजे भित्रमा प्रस्ताव दर्ता गर्नको लागि अध्यवधिक गरिएको इजाजत पत्र, मू.अ. करको प्रमाण पत्र र आ.व. २०७७/०७८ को कर चूक्ता प्रमाण पत्रको प्रतिलिपी अनिवार्य रुपमा पेश गर्नु पर्ने छ । १६ औ दिनको ३:३० बजे प्राप्त प्रस्तावहरुमा प्राविधिक प्रस्ताव खोलिने छ ।
२. प्रस्ताव दर्ता गर्ने र सिलबन्दी खोल्ने अन्तिम दिन सार्वजनिक विदा पर्न गएमा कार्यालय खुलेको दिन सोहि समयमा सो कार्य गरिने छ ।
३. प्राविधिक प्रस्तावहरुको मूल्यांकनबाट छनौट भएका परामर्शदाताहरुको आर्थिक प्रस्तावहरु परामर्श दाता वा निजको प्रतिनिधि तथा यस केन्द्रको प्रतिनिधिको रोहवरमा खोलिने छ ।
४. परामर्शदाता वा निजको प्रतिनिधि उपस्थित नभएता पनि प्रस्तावहरु खोल्न बाधा पर्ने छैन ।
५. रित नपूगेको वा म्याद भित्र दर्ता नभएका कुनै प्रकारका शर्तहरु भएका प्रस्तावहरु उपर कुनै कारवाही गरिने छैन ।
६. आर्थिक प्रस्तावहरुमा दररेट अंक र अक्षरमा स्पष्ट लेखिनु पर्नेछ । अंक र अक्षर फरक भएमा अक्षरमा लेखिएको दर रेटलाई मान्यता दिइनेछ ।
७. प्रस्तावनामा उल्लेख भएका कुराहरु सोहि बमोजिम र अन्य थप कुराहरु सार्वजनिक खरिद ऐन २०६३ र नियमावली २०६४ तथा प्रचलित कानून बमोजिम हुनेछ ।
९. प्राप्त प्रस्तावहरु स्विकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस केन्द्रमा निहित हुने छ ।

**अन्य जानकारीको लागि कार्यालयको फोन नं ०५७४१७७१६ मा कार्यालय समय भित्र सम्पर्क गर्नु हुन जानकारी गराईन्छ ।**



**श्री माध्यमिक विद्यालय कोगटे**
भीमफेदी गाउँपालिका वडा नं. ७ कोगटे, मकवानपुर

## विज्ञान प्रयोगशाला स्थापना गर्नेसम्बन्धी सिलबन्दी दरभाउपत्र आह्वानको सूचना

*प्रथम पटक प्रकाशित मितिः २०७८/१२/०९*

शिक्षा विकास निर्देशनालय, बागमती प्रदेशको अनुदान सहयोगमा विज्ञान प्रायेगशाला स्थापना गर्ने कार्य सिलबन्दी दरभाउपत्र माध्यमबाट गराउनुपर्ने भएकोले इजाजत प्राप्त योग्य संस्था/कम्पनीहरुबाट तपसिलको सूचना अनुसार रितपूर्वकको सिलबन्दी दरभाउपत्र आह्वान गरिएको छ ।

| क्र.सं. | सूचना नं. | विषय | धरौटी रकम | किसिम | दरखास्त रकम |
|---|---|---|---|---|---|
| १ | १/२०७८/०७९ वस्तु खरिद | विज्ञान प्रयोगशाला सामाग्रीहरु | कवोल अंकको २/५ प्रतिशत | वस्तु खरिद | १०००/- |

श्री माध्यमिक विद्यालय कोगटे प्रशासनबाट विस्तृत जानकारी लिन सक्नुहुनेछ । थप सूचना दरभाउपत्र फाराम र प्रस्ताव फाराममा उल्लेख गरिएको छ ।

सम्पर्क नं.: ९८१९२२४४७६



**जिल्ला स्वास्थ्य कार्यालय मकवानपुर**
हेटौंडा, मकवानपुर

"क्षयरोग अन्तका लागी लगानी बढाऔं, जिवन बचाऔं, भन्ने नाराका साथ मनाउन लागिएको बिश्व क्षयरोग दिवस २४ मार्च २०२२ (१० चैत्र २०७८) को उपलक्षमा स्वास्थ्य कार्यालय मकवानपुरबाट जनहितमा जारी सन्देशहरु

१) क्षयरोग आँखाले देख्न नसकिले शुक्ष्म किटाणु (Mycobacterium Tuberculosis) ले गर्दा हुन्छ ।
२) यो रोग एक व्यक्ति देखि अर्को व्यक्तिमा श्वास प्रश्वासको माध्यमले सर्दछ ।
३) दुई हप्ते खोकी क्षयरोग पो हो की ? यो रोगको मूख्य लक्षण हो ।
४) क्षयरोग उपचार केन्द्रहरुमा यो रोगको औषधि निःशुल्क रुपमा उपलब्ध हुन्छ ।
५) स्वास्थ्यकर्मीको सल्लाह अनुसार औषधि सेवन गरेमा यो रोग पूर्ण रुपमा निको हुन्छ ।
६) क्षयरोग नेपालको मात्र नभई बिश्वको नै प्रमुख जनस्वास्थ्य समस्या हो । त्यसैले सरकारले क्षयरोग नियन्त्रण कार्यक्रमलाई पहिलो प्रथमिकता दिएको छ ।
७) क्षयरोगको रोकथाम गर्ने मूख्य उपाय भनेको शुरुको अवस्थामा रोग पक्ता लगाई नियमित औषधि सेवन गर्नु हो भने बि.सि.जि. खोप लगाउनु, खोब्दा वा हाछिउ गर्दा मुख छोप्नु, खकारको उचित व्यवस्थापन गर्नु, अन्य उपायहरु हुन ।
८) सन २०५० सम्ममा क्षयरोगलाई निवारण गर्ने अर्थात प्रति दशलाख जनसंख्यामा क्षयरोग बिरामीको संख्या १ भन्दा कममा पुऱ्याउने सरकारको दिर्घकालिन लक्ष्यलाई पूरा गर्नु हामी सबैको दायित्व हो ।



**शिव शिखर बहुउद्देश्यीय सहकारी संस्था**
हेटौंडा-४, मकवानपुर

## कर्मचारी आवश्यकता

प्रकाशित भएको ७ दिन भित्रमा
सम्पर्कः ०५७-५२०३७०, ५२०३७१
Email: shivashikharhetauda@gmail.com

**शिव शिखर बहुउद्देश्यीय सहकारी संस्थातर्फ**

| क्र.सं. | पदः | संख्या | आवश्यक योग्यता | तलब |
|---|---|---|---|---|
| १ | **बजार प्रतिनिधि** | ५ जना | +२ वा सोसरह उत्तीर्ण | संस्थाको नियमानुसार |

**गार्डेन मार्टतर्फ**

| क्र.सं. | पदः | संख्या | आवश्यक योग्यता | तलब | अनुभव |
|---|---|---|---|---|---|
| १ | स्टोर इन्चार्ज | १ जना | +२ वा सोसरह उत्तीर्ण | संस्थाको नियमानुसार | सम्बन्धित काममा अनुभवी |

*नोटः* मोटरसाइकल तथा स्कुटर चलाउने र लाईसेन्स प्राप्त हुनुपर्नेछ । कमाने, चौघडा, पिप्लेको स्थानीयलाई प्राथमिकता दिइनेछ ।



## के तपाई फोटो कपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?

*Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark*

टोनर रिफिलिङ्ग, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुभई ढुक्क हुनुहोस् ।

एक बर्षको वारेन्टीका साथै दुई बर्ष फ्रि सर्भिस पनि गरिन्छ प्रिन्टर किन्दा एउटा कार्टेज सित्तैमा लैजानुहोस् ।

Printer Shop
*The complete office solution*

*Contact No. 9845292140, 057-527041, Schoolroad, Hetauda-4*
*tonerhouse_htd@yahoo.com*

# एमसीसीको भ्रमबारे कांग्रेसले दियो प्रशिक्षण

साझाकुरा संवाददाता

हेटौंडा, ८ चैत/ नेपाली कांग्रेस बागमती प्रदेशले कार्यसमितिका पदाधिकारी तथा सदस्यहरुलाई स्थानीय निर्वाचन र एमसीसीको भ्रमसम्बन्धी एकदिने प्रशिक्षण दिएको छ ।

'घरघर जाऔं, कांग्रेस जिताऔं' अभियानअर्न्तगत् कांग्रेस बागमती प्रदेशले कार्यसमितिका पदाधिकारी तथा सदस्यहरुलाई स्थानीय निर्वाचन र एमसीसीको भ्रम सम्बन्धी एकदिने प्रशिक्षण दिएको हो । कांग्रेस बागमती प्रदेश सभापति ईन्द्रबहादुर बानियाँको सभाध्यक्षतामा भएको प्रशिक्षणमा नेपाली कांग्रेसका केन्द्रीय सदस्य डा. गोविन्द पोखेल, राष्ट्रियसभा सदस्य डा. खिमलाल देवकोटा र कांग्रेसका प्रशिक्षक रामबहादुर लामाले प्रशिक्षण दिएको कांग्रेस बागमती प्रदेश प्रवक्ता तिलक रुवालीले एमसीसीबारे कम्युनिष्टले फैलाएको भ्रमलाई चिर्दै आम मतदातामा कांग्रेसको बिचार र सिद्धान्त तथा आफूले गरेका राम्रो कामको प्रचार गर्न लाग्नुपर्ने बताए ।

सभापति बानियाँले प्रशिक्षणबाट सिकेको कुरा आफू प्रतिनिधि भएको जिल्लाको टोलटोलमा गई आउँदै गरेको स्थानीय निकायको निर्वाचनमा कांग्रेसको पक्षमा मतदान गर्न मतदातालाई बुझाउनसमेत निर्देशन दिए । कांग्रेस बागमती प्रदेशले सोमबार पूर्व केन्द्रीय महामन्त्री प्रकाशमान सिंहबाट मुख्य कार्यालय हेटौंडामा उद्घाटन गर्नुका साथै तेश्रो बैठकबाट कोषाध्यक्ष, प्रवक्तासहित विभिन्न समिति र विभागहरुमा संयोजक तोकेको थियो ।

# बागमती प्रदेशसभा बैठक अनिश्चितकालका लागि स्थगित

साझाकुरा संवाददाता

हेटौंडा, ८ चैत/ बागमती प्रदेशसभाको बैठक अनिश्चितकालका लागि स्थगित भएको छ ।

प्रदेशसभाका सभामुख सानुकुमार श्रेष्ठले मंगलबारको प्रदेशसभा बैठकमा अर्को सूचना नभएसम्मका लागि बैठक स्थगित भएको बताएका हुन् । सदनमा सांसदको गणपूरक संख्या नपुग्दा ४० मिनेट ढिला गरी सुरु भएको बैठक १८ मिनेटमात्रै बसेर स्थगित भएको थियो । बैठकले आन्तरिक मामिला तथा कानुन मन्त्री कृष्णप्रसाद शर्मा खनालले पेस गरेको ३ वटा विधेयकलाई दफावार छलफलका लागि सम्बन्धित समितिमा पठाएको छ । प्रदेश ऐन, प्रदेश विपद् व्यवस्थापन ऐन २०७५ लाई संशोधन गर्न बनेको विधेयक, प्रदेश सञ्चार माध्यम व्यवस्थापन ऐन २०७५ लाई संशोधन गर्न बनेको विधेयक र प्रदेश अनुसन्धान ब्युरो सेवाको गठन, स्थापना, काम, कर्तव्य र अधिकार सम्बन्धमा व्यवस्थापन गर्न बनेको विधेयकमाथि छलफल गरी त्यसको दफावार छलफलका लागि समितिमा पठाउन स्वीकृति प्रदान गरेको हो ।

बैठकमा सत्तापक्ष नेकपा माओवादी केन्द्रका जगत सिम्खडा, रामकाजी महर्जन, नेपाली कांग्रेसका नरोत्तम वैद्य, राजेन्द्र गुरुङ, प्रतिपक्ष दल विवेकशील साझा पार्टीका रमेश पौड्याल र शोभा शाक्यले आफ्नो धारणा राखेका थिए । बैठकमा माओवादी केन्द्रका सांसद सिम्खडाले धादिङ र नुवाकोट जोड्ने पुल अलपत्र परिएकोबारेमा सरकारका ध्यानाकर्षण गराएका थिए । उनले सडक पुलका योजनाहरूमा सरकारले बजेटमात्र खन्याएर नहुने त्यसलाई समयमा नै सम्पन्न गराउनतर्फ अघि बढ्नुपर्ने बताए । त्यस्तै कांग्रेसका वैद्यले २१ औं शताब्दीमा पनि कागजको मत पत्र प्रयोग गरिएकोप्रति असन्तुष्टि व्यक्त गर्दै इलेक्ट्रिक मेसिनबाट भोट गर्ने व्यवस्था गर्न माग गरे । उनले कागजको मतपत्रमा सरकारले अर्बौं रुपियाँ खर्च गरेकोले त्यसलाई रोकेर प्रविधिसँगै अघि बढ्न माग गरे । उनले इलेक्ट्रिक मेसिनको प्रयोग गरेर मतदान गर्ने व्यवस्था गरी सरकारले राज्यको भर कम गर्नुपर्ने बताए । इलेक्ट्रिक मेसिनको प्रयोगले मतदान विश्वसनीय हुनुको साथै मतगणनामा पनि छिटो र सरल हुने उनको भनाइ छ । त्यस्तै, प्रतिपक्ष दल विवेकशील साझा पार्टीका रमेश पौड्यालले पछिल्लो समय चुनाव महँगो बन्दै गएको बताए । उनले सामान्य मानिसले चुनाव लड्न नसक्ने अवस्था आएको भन्दै सरकारले यसको नियन्त्रणमा लाग्नुपर्ने बताए । चुनाव लड्ने उम्मेदबारले चुनाव प्रचारका क्रममा हरेक क्षेत्रमा खसी राँगा काटेर भोज गर्नुपर्ने अवस्थाले विकृति निम्तिएको धारणा व्यक्त गरे । विवेकशील साझाकी शोभा शाक्यले महँगीले आमजनताहरू आक्रान्त भएकाले महँगी नियन्त्रणतर्फ सरकारले पहल गर्नु पर्ने बताइन् ।

## सहकारी दिवस विभिन्न कार्यक्रमसाथ मनाइने

हेटौंडा, ८ चैत/ मर्यादित व्यवसाय र प्रविधिमा सहकारी भन्ने नारा का साथ ५५ औं सहकारी दिवस विभिन्न कार्यक्रम गरी मनाइने भएको छ ।

बागमती प्रदेशस्तरमा सहकारी दिवस मनाउनको लागि राष्ट्रिय सहकारी महासंघका सञ्चालक तथा मकवानपुर जिल्ला सहकारी संघका अध्यक्ष नारायणप्रसाद देवकोटाको संयोजकत्वमा एकहजार एकसदस्यीय मूल आयोजक समिति गठन भएको छ । समिति सहसंयोजकमा बागमती प्रदेश सहकारी संघका अध्यक्ष रामशरण घिमिरे र सदस्य सचिवमा बागमती प्रदेश सहकारी महाशाखाका कानुन अधिकृत प्रकाश चापागाई छन् । बागमती प्रदेशको राजधानी हेटौंडामा मूल कार्यक्रम हुनेछ भने प्रदेशका सबै जिल्ला र पालिका तहमा विविध कार्यक्रमसहित सहकारी दिवस मनाइने संयोजक देवकोटाले बताए । सहकारी दिवसको अवसरमा मूल आयोजक समितिले बागमती प्रदेशको राजधानी हेटौंडामा रक्तदान कार्यक्रम, हेटौंडा अस्पतालमा रहेका बिरामीहरुलाई फलफूल वितरण र २० गते भुटनदेवी विद्यालयको चौरबाट न्याली सुरु गरी रोयल पार्टी प्यालेसमा प्रवचन, सम्मान तथा पुर स्कारसहित समापन कार्यक्रम तय भएको संयोजक देवकोटाले बताए ।

## कमल थापाको पछाडि कोही छैनन्: अधिकारी

हेटौंडा, ८ चैत/ राप्रपा मकवानपुरलाई कमल थापा नेतृत्वको राप्रपा नेपालमा समाहित गर्ने विषय भ्रम फैलाउन हल्ला गरिएको राप्रपाका पूर्वकेन्द्रीय सदस्य मधु अधिकारीले बताएका छन् ।

*साझाकुरा*मा राप्रपा मकवानपुरलाई कमल थापाको पार्टीमा समाहित गर्ने तयारीबारे मंगलबार समाचार सम्प्रेक्षण भएपछि उनले त्यो भ्रम फैलाउन रचिएको हल्लामात्र भएको प्रतिक्रिया दिएका हुन् । राप्रपा मकवानपुरको अध्यक्ष रहेका गुरु सापकोटाले थापाको पार्टीमा समाहित हुनेबारे छलफल भइरहेको *साझाकुरासँग* स्वीकार गरेका थिए । राप्रपाका पूर्वकेन्द्रीय सदस्य अधिकारीले कमल थापाको पक्षमा जिल्लाका कोही पनि नेता नरहेको जनाए । थापाहरुको राप्रपा मकवानपुरलाई बिगार्ने सपना पूरा नहुने उन्ले बताए ।

अधिकारीले थापाको पार्टीमा राप्रपाको जिल्ला कमिटीलाई समाहित गर्ने तयारी गरेको सुनेपनि उनीहरुको सपना भने पूरा नहुने जिकिर गरे । नेता नभएकै कारण थापाले मकवानपुरमा जिल्ला कमिटी गठन गर्न नसकेको उनको दावी छ । 'कमल थापाको पक्षमा नेता नै छैनन् । सबैजना मूलधारमै हुनुहुन्छ । थापाको पक्षमा नेता भएको भए जिल्ला कमिटी बनिसक्थ्यो, खोई अहिलेसम्म जिल्ला कमिटी बनेको छैन', अधिकारीले *साझाकुरासँग* भने ।

'राप्रपाको सिंङ्गो जिल्ला कमिटी एक ठाउँमा छ । उनीहरुले भ्रम फैलाएर हल्ला गरेपनि सत्य होइन । 'थापाको साथमा एक-दुई जना होलान् । उनीहरु राप्रपाबाट राजीनामा दिएर जाँदा जिल्ला कमिटी तलमाथि हुँदैन', अधिकारी भन्छन् । राप्रपाको जिल्ला अध्यक्ष जान खोजेपनि राजीनामा दिएर जान उनले सुझाए । राप्रपा मकवानपुर का सचिव सागर थापाले राप्रपा मकवानपुर राप्रपा नेपालमा समाहित हुने विषयमा सत्यता नरहेको बताए ।

राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा)को गत १९ मंसिरमा भएको महाधिवेशनमा राजेन्द्र लिङ्देनसँग अध्यक्षमा पराजित भएपछि थापा राप्रपा नेपाल पार्टीको नेतृत्व गरिरहेका छन् । २५ माघमा हेटौंडा आएर राप्रपा परित्याग गरेका थापाले आफ्नो पुरानै पार्टी ब्युँताउँदै राप्रपा नेपालको अध्यक्ष बनेका थिए । प्रतिनिधिसभा निर्वाचनमा मकवानपुर १ बाट चुनाव लड्ने तयारी गरेका थापालाई जिल्लामा पार्टी विस्तार गर्नु अपरिहार्य छ । तर, राप्रपा मकवानपुर का पुराना नेताहरुले थापाको साथ छोडेपछि उनी संकटमा रहेको आंकलन छ ।

## ग्याँसको प्रयोग गर्दा ध्यान दिनुपर्ने कुराहरू

- ग्याँस तथा आगो बलुञ्जेल भान्सा छाडेर टाढा नजाऔं ।
- प्रयोग गरिसकेपछि ग्याँसको चुल्हो र रेगुलेटर बन्द गरौं ।
- यथासम्भव ग्याँस सिलिण्डरलाई भान्सा कोठाभन्दा बाहिर राखौं ।
- ग्याँस सिलिण्डरको पाइप समय-समयमा जाँच गरौं, कुनै खराबी वा टुटफुट भए तुरुन्त मर्मत गरौं ।
- ग्याँस सिलिण्डर लिँदा सिल भए/नभएको हेरेर मात्र लिऔं ।
- तौल कम भएको, धेरै गन्हाउने (लिक भएको शंकास्पद) सिलिण्डर घरमा नल्याऔं ।
- सलाई, लाइटर जस्ता प्रज्वलनशील सामग्री केटाकेटीले भेट्ने गरी नराखौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड


**HETAUDA CITY HOSPITAL PVT.LTD.**
*Hetauda-1, Sub-metropolitan*
***Phone: 057-520315***

**VACANCY ANNOUNCEMENT**

Our Organization is seeking Applications from Qualified, Energetic and Experienced Candidates for the Following Designations.

| S.No. | Designation | No. | Salary (Rs) | Min. Qualifications |
|---|---|---|---|---|
| 1 | Staff Nurse | Few | 14000-18000 | PCL/NHPC registered |
| 2 | CMA/ANM | Few | Negotiable | TSLC |
| 3 | Receptionist | Few | Negotiable | +2 completed |

Experience, Performance, Dedication and Professionalism will be taken into consideration Interested individuals are to submit their update curriculum vitae with in 10 days of the first publication of this notice.


## जैविक मलका फाइदाहरु

रासायनिक मल तथा रासायनिक विषादिले बालीनालीको विकास केही हद्सम्म गरेको भएता पनि केही समयको लगातार प्रयोगपछि त्यसले माटोमा भएको प्रभावकारी जीवाणुहरुलाई प्रदुशित बनाई इन्जाईम प्रक्यालाई अबरुद्ध गरेको छ, जसको कारणले माटोमा भएका सबै प्रकार का प्रभावकारी जीवाणु व्याक्टेरियाको विनास भई माटो अम्लीय हुने, माटोमा पानी अड्ने क्षमतामा ह्रास आई चिस्यान कम हुने, बिरुवाको जरा माटोमा प्रभावकारी तरिकाले फैलन नपाउने, बिरुवाले आवश्यक खाद्यतत्व पूरा गर्न नसकी बिरुवा कमजोर हुने, बढ्दो जलवायु परि वर्तन र सो ले पारेको पर्यावरणीय असरमा कमी नआउने, वातावरण प्रदुषित क्रम बढ्दो मात्रामा रहने, विभिन्न प्रकारका रोगहरु लाग्ने तथा किरा नियन्त्रणको लागि रासायनिक विषादि प्रयोग गर्दै जाँदा ती शत्रु जीवाणुहरुमा विष पचाउने क्षमतामा वृद्धि भई प्रत्येकपटक विषादिको मात्रा बढाउँदै लैजानुपर्ने अवस्था, जसको कारण आज मानिस प्रत्येक खाद्य सामग्री कृषि उपज विषादियुक्त खान बाध्य छ । फलस्वरुप मानवमा विभिन्न प्रकारका रोगहरुको महामारी फैलिएको छ ।

***त्यसैले जैविक मल नै प्रयोग गरौं ।***
***स्वस्थ कृषि उपज उत्पादनमा जोड दिऔं***

पाइने स्थान:
**सामुदायिक कृषि सहकारी संस्था लि.**
हेटौंडा-८, कमाने
९८५५०६९०८६ राजेन्द्र ढकाल

**पार्टी गर्दै हुनुहुन्छ ?**
शुभ-विवाह, ब्रतबन्ध, हरेक प्रकारका पार्टी, सभा, सेमिनार तथा गोष्ठीका लागि हामीलाई सदैव सम्झनुहोस् ।
**जय गणेश पार्टी प्यालेस प्रा.लि.**
हेटौंडा उपमहानगरपालिका-५, अब्बलडाँडा
सानोपोखरा, मकवानपुर
९८५५०२७५१२ (अनिष वाग्ले)

**डबल ब्ल्याक खाजा**
**स्वादिष्ट परिकारहरू:**
- बफ मःमः, ससेज, चाउमिन र खाजा सेट
- चिकेन मःमः, ससेज, लेगपिस र चाउमिन
- बफ सुकुटी र छोयला
- हल्का पेय पदार्थ
- भेज चाउमिन

**ओपाज**
कफि पिउँदा
स्कुटी-१ प्लस मोबाइल र नगद रु.५०,०००।-, २०,०००।-, १०,०००।- ३ जनालाई, रु.५,०००।- ३ जनालाई र रु.३,०००।- ५ जनालाई पुरस्कार ।
**डबल ब्ल्याक खाजा**
हेटौंडा-२, चौकीटोल ९८५५०२८१९६, ९८४५०३०३४३
प्रो. झुलेन्द्र प्रसाद श्रेष्ठ, किशोरकुमार ढुङ्गेल

साझाकुरा
**www.sajhakuranews.com**
"तपाईं, हामी सबैको कुरा "
हामी तपाईंहरुकै माझमा छौं, पाठकको चाहनालाई मध्यनजर गर्दै परिष्कृत ढंगले अघि बढ्दैछौं ।



**गोर्खाली ट्रेड एण्ड सप्लायर्स**
हेटौंडा-४, रजतजयन्ती, ,फोन: ९८४१७७१६६४, ९८५५०३१६६४

स्वास्थ्यको लागि खेलकुद, राष्ट्रको लागि खेलकुद
**प्रदेशकै सबैभन्दा ठूलो खेलकुद प्रतियोगिता हेटौंडामा**
यही फागुन २८ गतेबाट सुरु हुन गइरहेको प्रथम प्रदेश खेलकुद प्रतियोगिता हेर्न क्याम्पडाडा खेल मैदान, पिप्ले हेटौंडा जाऔं ।

खेलहरु : फुटवल, भलिवल, क्रिकेट, तेक्वान्दो, कराते, बक्सिङ, एथलेटिक्स र ब्याडमिन्टन

**सञ्चालन हुने खेलहरु र खेलस्थल**
१. **मकवानपुर:** पुरुष फुटबल- मिति २०७८/११/२९ देखि
तेक्वान्दो: मिति २०७८/१२/०५ देखि
ब्याडमिन्टन: २०७८/११२९ देखि
२. **चितवन:** भलिबल- २०७८/११/३० देखि
क्रिकेट: २०७८/११/३० देखि
३. **सिन्धुपाल्चोक:** कराते- २०७८/१२/०७ देखि
४. **काठमाडौं:** एथलेटिक्स- २०७८/१२/०६ देखि
५. **काभ्रेपलाञ्चोक:** महिला फुटबल- २०७८/१२/०७ देखि
बक्सिङ- २०७८/१२/०९ देखि

**उद्घाटन समारोह स्थान :** क्याम्पडाडा खेल मैदान, पिप्ले हेटौंडा
**समय :** यही फागुन २८ गते अपरान्ह ४ बजे
**उद्घाटन कार्यक्रमको आकर्षण :** राष्ट्रिय कलाकारहरुको प्रस्तुती, नेपाली सेना, नेपाल प्रहरी र सशस्त्र पहरीको प्रर्दशन, तीन सय बढी विद्यार्थीहरुद्धारा ड्रिल कार्यक्रम तथा आतँशवाजीको मज्जा लिन सकिने ।
**सहभागी जिल्लाहरु:** बागमती प्रदेशका १३ जिल्ला

**आयोजक**
प्रदेश खेलकुद विकास परिषद
बागमती प्रदेश



**खुल्यो ! खुल्यो**
**नयाँ व्यवस्थापनका साथ अमलेखगञ्जको जस्तै**
लोकल कुखुरा लगायत
मासुको आइटमको मीठो स्वाद
*अब होटल म्याक्समा*
**होटल MAX**
हेटौंडा-३, बसामाडी, मो.नं. ९८४५०२५७२७


साझाकुरा राष्ट्रिय दैनिकका लागि **सविन न्यौपानेद्वारा** प्रकाशित, सम्पादक: **सरला खनाल**. कार्यालय/मुद्रण: हेटौंडा-१ चौकीटोल, फोन नं.: ०५७-५२१११५, E-mail:sajhakura@gmail.com, URL: www.sajhakuranews.com, पोष्ट बक्स नं. २९, **मुद्रण:** सफल छापाखाना